नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
(............................................ शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स: ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:-
चलानी नं.:-

मिति: ............................
२०७८ असार १३

## विषय: पाठ्यपुस्तकको प्रयोगसम्बन्धी अत्यन्त जरुरी सूचना

सम्पूर्ण पुस्तक प्रकाशक

सबै बिक्रेता एवम् वितरक

सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू

प्रस्तुत विषयमा विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तक तथा पाठ्यसामग्रीका सम्बन्धमा पाठ्यपुस्तक वितरण व्यवस्थापन अनुगमन केन्द्रीय समितिको मिति २०७८ जेष्ठ २८ गतेको बैठकको निर्णयानुसार पाठ्यक्रम विकास केन्द्रद्वारा मिति २०७८ असार १ मा प्रकाशित सूचनाबाट शैक्षिक वर्ष २०७८ का लागि बिक्रीमा रहेका स्वीकृत पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरूमा अनिवार्य रूपमा नेपालको कालापानी, लिम्पियाधुरा, लिपुलेक समेटिएको नेपालको नयाँ नक्सा प्रयोग भएको हुनुपर्ने, गत वर्षहरूमा नै छपाइ भएका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू यस वर्ष प्रयोगमा ल्याएको अवस्थामामा त्यस्ता पाठ्यपुस्तक पाठ्यसामग्रीहरूमा सम्बन्धित पेजहरू कालापानी, लिम्पियाधुरा, लिपुलेक समेटिएको नेपालको नयाँ नक्सा समाबेश गरी पुनः छपाइ गरी सम्बन्धित बिक्रेता/वितरकहरूमार्फत विद्यालयहरूमा पुऱ्याई प्रतिस्थापन गर्ने र बिक्री हुन बाँकी रहेका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीका सम्बन्धित पेजहरू प्रकाशक/वितरकहरूबाट प्रतिस्थापन गरेर मात्र बिक्री गर्ने व्यवस्था गर्न निर्देशन गरिएकामा मिति २०७८ असार १२ गते पाठ्यपुस्तक वितरण व्यवस्थापन अनुगमन केन्द्रीय समितिबाट अनुगमन गर्दा बजारमा अझै पनि पुरानो नक्सा भएका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू बिक्रीवितरण भइरहेको पाइएको छ । त्यसरी निर्देशनको अटेर गरी बिक्रीवितरण गर्ने प्रकाशक र वितरकहरूलाई कारबाहीको दायरामा ल्याउन स्पष्टीकरण सोधिसकिएको छ । तसर्थ सबै प्रकाशक/वितरकहरूलाई पाठ्यक्रम विकास केन्द्रको मिति २०७८ असार १ गतेको निर्देशनबमोजिम तत्काल नयाँ नक्साको प्रयोग हुने गरी पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू बिक्री वितरण गराउनुहुन पुनः निर्देशन गरिएको छ । अब हुने अनुगमनको क्रममा उक्त निर्देशनको अवज्ञा गरी यथावत् बिक्रीवितरण गरेको पाइएमा त्यस्ता पुस्तक, प्रकाशकहरूको नाम सार्वजनिक गरी कारबाहीको प्रकिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
( ............................................ शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्सः ६६३०७९७
नोटिस बोर्डः १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः-
चलानी नं.:-

मितिः ............................

अनुगमनको क्रममा कतिपय विद्यालयहरूले कक्षा २, कक्षा ३ र कक्षा ६ मा स्वीकृत नयाँ पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको सट्टा पुरानो पाठ्यक्रम अनुसारकै पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्ने गरी विद्यार्थीहरूलाई पाठ्यपुस्तक तथा पाठ्यसामग्री खरिदको निम्ति सूची उपलब्ध गराएको, तोकिएको विषयका अलावा सन्दर्भ सामाग्री भनी अनावश्यक सङ्ख्यामा पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू खरिद गर्न अभिभावकहरूलाई बाध्य पारिएको पनि देखिएको छ । जानकारीमा आएका त्यस्ता विद्यालयका प्रधानाध्यापकहरूलाई स्पष्टीकरण माग गरिसकिएको छ । तसर्थ नेपाल सरकारको स्वीकृत पाठ्यक्रमभन्दा बाहिरका तथा पुरानो पाठ्यक्रमअनुसारका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू प्रयोग नगर्न नगराउन यसै सूचनाद्वारा सम्बन्धित सबैका लागि निर्देशन गरिन्छ । यस निर्देशनको अवज्ञा गरी यथावत् प्रयोग गरे/गराएको पाइएमा सम्बन्धित विद्यालय/प्रकाशकहरूलाई कारबाही हुने व्यहोरा पनि जानकारी गराइन्छ । अझै पनि कतिपय पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरूमा मूल्य उल्लेख नभएको, पुरानो मूल्यसूचीमा कालो पोती/स्टिकर टाँस गरी नयाँ मूल्य तोकेको, नेपाल सरकारले निर्धारण गरेको भन्दा अधिक मूल्य उल्लेख गरेको समेत पाइएकाले त्यस्ता प्रकाशकहरूलाई कारवाहीको दायरामा ल्याइने व्यहोरा पनि सम्बन्धित सबैका लागि जनाकारी गराइन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम स्वीकृत पाठ्यक्रमअनुसार सामाजिक अध्ययन, मानव मूल्य शिक्षालगायत नेपाली कला संस्कृति र मौलिक पहिचानमूलक विषयको पठनपाठनका लागि माध्यम भाषा नेपाली हुनुपर्ने व्यवस्थाअनुसार यस वर्ष कक्षा १,२, ३, ६, ११ र १२ मा उक्त विषयहरू नेपाली माध्यमबाट पठनपाठन गर्नुपर्ने भनी पाठ्यक्रम विकास केन्द्रले मिति २०७८ असार १ गते नै सूचना प्रकाशन गरेकाले सोअनुसार गर्नुहुन पुनः जानकारी गराइन्छ ।

तसर्थ नेपाल सरकारबाट स्वीकृत पछिल्लो पाठ्यक्रमअनुसारका पाठ्यपुस्तकहरू, नेपालको नयाँ नक्सा समावेश भएका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू तथा पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू भए नभएको राम्रोसँग हेरी अध्ययन गरी पाठ्यपुस्तक खरिद तथा उपयोग गर्ने व्यवस्थाका लागि सम्पूर्ण विद्यालय, विद्यार्थी तथा अभिभावकहरूको जानकारीका लागि समेत यो सूचना प्रकाशन गरिएको छ ।

गणेशप्रसाद भट्टराई
निर्देशक/सूचना अधिकारी